नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग

मितिः- २०७५/१०/२८

# प्रेस विज्ञप्ती

## राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा १८ बमोजिम राजस्व अनुसन्धान विभागद्वारा बिजय नारायण श्रेष्ठ समेत ३ जना उपर १ अर्व ६ करोड विगो कायम गरी काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दर्ता

प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरो, काठमाडौंको मिति २०७५/०९/२६ गतेको पत्रबाट अनुसन्धान तथा तहकिकातको लागि यस विभागमा प्राप्त हुन आएकोमा प्रतिवादी रमेश दाहाल, बिजय नारायण श्रेष्ठले सुन्द्रावती टेलिटक प्रा.लि. अर्कोको हराएको नागरिकता प्रमाणपत्र फेला पारी किर्ते कागजात तयार गरी कम्पनी दर्ता गराइ रिचार्ज कार्डको खरिद विक्री कारोवार गरे/गराएको पाइयो ।सुन्द्रावती टेलिटक प्रा.लि.बाट रिचार्ज कार्ड खरिद गरी विक्री गर्ने गरेको तर कुनै कर राजस्व वुझाएको पाइएन । उक्त कारोवारमा मूख्य आर्थिक कारोवारी तथा योजनाकारको रुपमा रहेका प्रतिवादी बिजय नारायण श्रेष्ठ तथा रमेश दाहालले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित ऐ. दफा ४ (क), (ख) र (छ) बमोजिम राजस्व चुहावटको कसुर अपराध गरी राज्यलाई तिर्नु बुझाउनुपर्ने आयकर तथा मू.अ.कर नतिर्ने उद्धेश्यले कार्य गरेको र प्रचलित कानुन वमोजिम लेखा विवरण वा कागजात तयार गरी राजस्व बुझाउनु पर्नेमा सो नगरी कारोवारसँग असम्वन्धित व्यक्तिको नाममा कम्पनी दर्ता गराई राजस्व नतिर्ने नियतले राजस्व खाईमासी गरी राजस्व चुहावट गरेको र प्रतिवादी दिनेश शिवाकोटीले कारोवारमा सहयोगी भुमिकामा रही बिक्री वितरण र आर्थिक कारोवार गर्ने कार्यमा सहयोग पुर्याई सुन्द्रावती टेलिटक प्रा.लि.को तर्फबाट स्याटेलाइट नेपाल प्रा.लि. लाई प्राप्त हुने रकम आफ्नो व्यक्तिगत खाता प्रयोग गरी स्याटेलाईट नेपाल प्रा.लि. को खातामा जम्मा गरे गराएको कार्य अनुसन्धानबाट पुष्टि हुन आएकोले उपरोक्त तीनै जना प्रतिवादीहरु प्रस्तुत राजस्व चुहावटको कसुर गर्नमा आ-आफ्नो ठाँउबाट भूमिका खेलेको भन्ने पुष्टि हुन आएकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित ऐ. दफा ४ (क), (ख) र (छ) बमोजिमको राजस्व चुहावट गरेको ठहर्ने कसुरजन्य कार्य गरी राज्यलाई तिर्नु बुझाउनुपर्ने आयकर तथा मू.अ.कर राजस्व नतिर्ने उद्धेश्यले कार्य गरेको र राजस्व नतिर्ने नियतले राजस्व

खाईमासी गरी राजस्व चुहावट गरेको पुष्टि हुन आएकोले चुहावट भएको राजस्वको बिगो ऐ. ऐनको दफा २(छ१) बमोजिम मुल्य अभिवृद्धी कर रु.99,52,60,141।-, आयकर रु.6,48,28,487।- समेत जम्मा रु.१,०६,००,८८,६२८।- (एक अर्व छ करोड अठासी हजार छ सय अठ्ठाईस रुपैया मात्र) बिगो कायम गरी निज प्रतिवादीहरुलाई बिगो बापतको रकम असुल गरीसोहि ऐनको दफा २३ (१) बमोजिम बिगोको दोब्बर सम्म रु. २,१२,०१,७७,२५६।- (दुइ अर्व वाह्र करोड एक लाख सतहत्तर हजार दुई सय छपन्न रुपैया मात्र) सम्म जरिवाना र तीन वर्षसम्म कैद सजाय मागदावी गरी काठमाण्डौ जिल्ला अदालतमा मिति २०७५।१०।२८ मा मुद्दा दायर गरिएको ।

| सि.नं. | राजस्व विवरण | दफा २(छ१) बमोजिम | दफा २३(१) बमोजिम |
|---|---|---|---|
| १. | मुल्य अभिवृद्धी कर तर्फ | ९९,५२,६०,१४१।०० | १,९९,०५,२०,२८२।०० |
| २. | आयकर तर्फ | ६,४८,२८,४८७।०० | १२,९६,५६,९७४।०० |
| | **जम्मा** | **१,०६,००,८८,६२८।००** | **२,१२,०१,७७,२५६।००** |

राजस्व अनुसन्धान विभाग
हरिहरभवन ललितपुर